दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३०६ | बुटवल | २०८१ कार्तिक २८, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Nov.13, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## घुस लिएको आरोपमा अदालतका कर्मचारी पक्राउ



बुटवल । सेवाग्राहीसँग घुस लिएको आरोपमा जिल्ला अदालत कपिलवस्तुका तहसिलदार सन्तोषकुमार मिश्र र कम्प्यूटर अपरेटर विकास पाण्डे पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बुटवल कार्यालयबाट गएको टोलीले उनीहरुलाई २० हजार रुपैयाँ घुससहित पक्राउ गरेको हो ।

'अदालतका कर्मचारीहरुले घुस मागेको उजुरी आएपछि हामीले आन्तरिक निगरानी र अनुसन्धान गरेका थियौं, त्यसपछि न्यायिक नेतृत्वलाई जानकारी गराएर उनीहरुलाई पक्राउ गरिएको हो', अख्तियारस्रोतले भन्यो-'पक्राउ गरेपछि सबै प्रक्रिया पूरा गरेर उनीहरुलाई हिरासतमा लिइएको छ ।'

अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जिल्ला अदालत कपिलवस्तुमा अख्तियारले स्टिङ अपरेसन गरेको पुष्टि गरे । उनले भने-'यसवारेको विस्तृत विवरण संकलन गरिरहेका छौं ।'

न्यायालयभित्र कर्मचारीवृत्तमा हुने घुसखोरीमा विरलै हात हाल्ने अख्तियारले पछिल्ला केही वर्षयता अदालतभित्र सक्रियता देखाएको थिएन ।

सेवाग्राहीको उजुरीको आधारमा रंगेहात कारवाही गरेको अख्तियारले अदालतकादुई कर्मचारीपक्राउ गरेको हो । जिल्ला अदालत रहने तहसिल्दारफैसला कार्यान्वयनको जिम्मेवारीमा हुन्छन् ।

# रविको इन्कारी बयान सकिएन, आज पुनः सुरु गरिने

**रविले बयानका क्रममा सुप्रिम मात्रै नभएर अन्य सहकारी ठगीमा पनि आफ्नो कुनै संलग्नता नरहेको र सरकारले दुःख दिने नियतले आफूलाई पक्राउ गरी हिरासतमा राखेको भन्दै बाघलाई खोरमा थुन्दैमा स्याल नहुने समेत बताएका छन् ।**



**मोहम्मद हबिब**
*भैरहवा*

सहकारी ठगी अभियोगमा अनुसन्धानका लागि भैरहवा ल्याइएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको बयान नसकिएकाले भोलि पुनः शुरु गरिने भएको छ। मंगलबार दिउसो १ बजेपछि सुरु भएको बयान साँझ पौने ६ बजे स्थगित गरिएको रुपन्देही प्रहरीले जनाएको छ। 'मंगलबारको बयान साँझ पौने ६ बजेसम्म गरेर स्थगित भयो, बुधबार कार्यालय समय शुरु भएपछि पुनः सुरु हुन्छ,' रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक रञ्जितसिंह राठौरले भने-'बयानपछि उहाँलाई जिल्ला प्रहरी कार्यालयमा सहजरुपमा लिएर राखेका छौं ।'

सहकारी ठगी, सङ्गठित अपराध तथा सम्पत्ति शुद्धीकरणको मुद्दामा पक्राउ परेका लामिछानेलाई पोखराबाट मंगलबार दिउँसो भैरहवा ल्याइएको थियो ।

प्रहरीले उनलाई विमानस्थलबाट सोझै सरकारी वकिलको कार्यालय बयानका लागि लगेको थियो । बयानका क्रममा लामिछानेले आफूले बचतकर्ताको रकम अपचलन गरेको इन्कार गरेका छन् । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका एक प्रहरी अधिकारीका अनुसार रविले आफ्नो नाम लेखेर कसले पैसा जम्मा गरिदियो भन्ने थाहा नभएको बताएका छन् ।

'म सुप्रिमको सदस्य पनि होइन, ऋणी पनि होइन, कसले मेरो नाम लेखेर बैंकमा रकम जम्मा गरिदियो, त्यो मलाई थाहा भएन ।'- रविले बयानमा भनेको कुरा उद्धृत गर्दै ती प्रहरी अधिकारीले भने ।

रविले सुप्रिम मात्रै नभएर अन्य सहकारी ठगीमा पनि आफ्नो कुनै संलग्नता नरहेको र सरकारले दुःख दिने नियतले आफूलाई पक्राउ गरी हिरासतमा राखेको बताएका छन् ।'मैले राम्रै मनसायले जीबी राईसँग सहकार्य गरेको थिएँ । मलाई त्यो टेलिभिजनमा सहकारीको रकम ल्याएकोसम्म पनि थाहा छैन ।'- रविले बयानमा भनेका छन् ।

उनले जीबीलाई पक्राउ गरेर ल्याएपछि सबै कुरा खुल्ने बताएको ती प्रहरी अधिकृतले जानकारी दिए । साथै बयान दिएर फर्कने क्रममा पूर्वगृहमन्त्री समेत रहेका लामिछानेले समर्थकलाई हेरेर हात हल्लाउँदै 'खोरमा थुनिँदैमा बाघ स्याल हुँदैन' भनेका छन् ।

बिहानै भैरहवा ल्याउने र १० बजेबाट बयान हुने तयारी भए पनि मौसम खराबीका उडान हुन नसक्दा दिउँसो पौने १ बजे उनी सरकारी वकिल कार्यालय पुगेका थिए ।

लामिछानेविरुद्ध बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको बचत रकम हिनामिना गरेको आरोपमा रुपन्देही जिल्ला अदालतले कार्तिक ८ गते लामिछानेसहित १२ जनाविरुद्ध पक्राउ पूर्जी जारी गरेको थियो । प्रहरीले बुटवलस्थित सुप्रिम ऋण तथा बचत सहकारी संस्थाको १४ करोड २९ लाख रुपैयाँ गोर्खा मिडिया नेटवर्क प्रालिमा लगेर खर्च गरेको कसुरमा लामिछानेमाथि अनुसन्धान गरिरहेको छ ।

बुटवलस्थित सुप्रिम सहकारीबाट एक करोड ९६ लाख रवि लामिछानेकै नाममा र १४ करोड २९ लाख रुपैयाँ विभिन्न व्यक्तिमार्फत् गोर्खा मिडिया नेटवर्कमा पुगेको संसदीय छानबिन विशेष समिति र प्रहरीको प्रतिवेदनमा उल्लेख छ ।

» बाँकी ४ पेजमा

## रास्वपा र सहकारी पीडितको प्रदर्शन






राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई भैरहवा ल्याएसँगै विरोध प्रदर्शन गरिएको छ । लामिछानेको प्रतिक्षामा रहेको उनका समर्थककहरुले गौतमबुद्ध विमानस्थल अगाडि बिहानैबाट जम्मा भई प्रदर्शन गरेका हुन् ।

लामिछानेको बयानमा भइरहँदा राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताहरुले भैरहवाको लुम्बिनी गेटबाट विरोध र्‍याली निकाली नगर परिक्रमा गरेका थिए । लुम्बिनी रोड गेट अगाडिबाट सुरु भएको विरोध कार्यक्रम बुद्धचोक, बरमेली टोल हुँदै मिलनचोकतर्फ पुगेको थियो । प्रदर्शनमा उल्लेख्य संख्यामा नेता कार्यकर्ता सहभागी भएका जिल्ला अध्यक्ष डा.बुद्धिप्रसाद शर्माले बताए । राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका नेता-कार्यकर्ताले सहकारीमा अपचलन भएको ८७ अर्ब रुपैयाँ खोई भन्दै नारा लगाएका छन् ।

लामिछानेका समर्थककहरुले गौतमबुद्ध विमानस्थल अगाडि बिहानैबाट जम्मा भई प्रदर्शन र नाराबाजी गरेका हुन् । सरकारले गठन गरेको संसदीय छानवीन समितिले ४० सहकारीको ८७ अर्ब ८९ करोड अपचलन भएको निष्कर्ष निकालेको थियो । सोही तथ्यांकलाई इंगित गर्दै रास्वपा नेता कार्यकर्ताले भैरहवामा उक्त ८७ अर्ब बढी बचत कहाँ छ भन्ने प्रश्न गरेका हुन् । रास्वपा कार्यकर्ताले सहकारी पीडितको बचत फिर्ता गर्न समेत सरकारसँग माग गरेका छन् ।

बाँकी ४ पेजमा

# गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट पाँच विमानको सातै दिन उडान

**लुम्बिनी संवाददाता**
*भैरहवा*

नेपालको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवाबाट ५ विमान कम्पनिले साताभरि उडान गरिरहेका छन् ।

थाईल्याण्डको वायुसेवा कम्पनी एयर एशियाले शुक्रबारबाट, फ्लाई दुबई एयरलाइन्स, कुवेतको जजीरा एयरवेज र नेपाल एयरलाइन्सले शनिबारबाट र कतार एयरवेजले मंगलबारबाट उडान सुरु गरेसँगै भैरहवाबाट एक सातमा ५ वटा विमान कम्पनीमार्फत् सातै दिन अन्तर्राष्ट्रिय उडानसँग हुने भएको हो । अन्तर्राष्ट्रिय उडान दैनिक हुन थालेपछि निजी क्षेत्र, पर्यटन व्यवसायी तथा स्थानीयहरु उत्साहित भएका छन् ।

विमानस्थल सुरु भएदेखि उडान सुरु गरेको जजीरा एयरलाइन्सले स्थगित गरेको थियो । तर, शनिबारदेखि फेरि सुरु गरेको छ । शनिबार बिहान एक सय ७१ यात्रु लिएर आएको जजीरा एक बालकसहित एक सय ६८ यात्रु लिएर उडेको थियो । त्यस्तै, शनिबारै दिउँसो १२ बजे फ्लाइ दुबईको जहाजले दुबईबाट १५९ जना आएका मध्ये १० जना भैरहवा अवतरण गरेका थिए । फ्लाइ दुबईले हप्तामा सातै दिन उडान गर्ने तालिका छ । शनिबार राति नेपाल एयरलाइन्सले काठमाडौंबाट १५८ यात्रुसहित उडान भरेर भैरहवा हुँदै दुबई प्रस्थान गरेको थियो ।

जजीरा एयरले सातामा तीन दिन उडान गर्दैछ । मंगलबार, बिहीबार र शनिबार बिहान साढे ७ बजे भैरहवा आउने र साढे ८ बजे भैरहवाबाट कुवेतका लागि उड्ने सूचना अधिकारी बिनोदसिंह रावतले जानकारी दिए। नेपाल




एयरलाइन्सले सातामा तीनपटक काठमाडौँ-भैरहवा-दुबई उडान गर्नेछ । तिवारीका अनुसार आइतबार, सोमबार र बुधबार नेपाल एयरलाइन्स काठमाडौँबाट बिहान १० बजे उडान गरी भैरहवा आउने र यहाँबाट दुबई जानेछ ।

कतार एयरवेजले मंगलबारदेखि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान सुरु गरेको छ । मंगलबार कतारको दोहाबाट आएको कतार एयरवेजको वाइड बडी जहाज गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको हो । जहाजमा ३३ यात्रुमध्ये एक जना भैरहवा झरेका छन् भने बाँकी ३२ जना काठमाडौं गएका छन् । योसँगै कतार एयरवेजले दोहा-भैरहवा-काठमाडौं रुटमा दैनिक उडान सुरुवात गरेको हो ।

एयर अरेबियालगायत अन्य अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीसँग पनि भैरहवाबाट उडान गर्ने विषयमा छलफल भइरहेको बताइएको छ । अहिले भैरहवा विमानस्थल १८ घण्टा सञ्चालन भइरहेको र एक घण्टामा विमानस्थलमा दुई अन्तर्राष्ट्रिय विमान सञ्चालन गर्न सक्ने क्षमता रहेको छ ।



# सम्पादकीय

## राजनीतिमा नैतिकताको प्रश्न

राजनैतिक दलका नेताहरुमाथि बारम्बार उठ्ने प्रश्न हो–नैतिकता । पूराना दल र नेताहरु नैतिकतालाई आत्मसात नगरेको भन्दै आफूहरुले केही गर्ने नारा अघि सारेका नयाँ दलका नेता पनि नैतिकताको प्रश्नमा कमजोर देखिएका छन् । कुनै अभियोगमा पक्राउ र छानविन चलेपछि त्यो मुद्दाको किनारा नलाग्दासम्म पार्टीले निलम्बन वा स्वंय व्यक्तिले राजीनामा दिनु स्वाभाविक प्रक्रिया हो । यसो गर्दा राजनैतिक दल र नेताको साख जोगिन्छ । तर सहकारी ठगी प्रकरणमा तीन सातादेखि हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले नत राजीनामा दिएका छन्, नत उनलाई पार्टीले मुद्दाको किनारा नलाग्दासम्म निलम्बन गरेको छ ।

राजनैतिक दलले विधि स्थापित गर्ने विषय महत्वपूर्ण हो । पूराना दलले विधिलाई मिच्दै लोकतन्त्रलाई बरबार गरेको दाबी गर्दै विधि स्थापित गर्ने भन्दै गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टी र त्यो पार्टीका सभापति लामिछानेले विधिलाई कुल्चेर अघि बढेका छन् । मानौ विधि र नैतिकताको विषय अरु कसैले मान्नुपर्ने हो, लामिछाने र उनको दलले मान्नु पर्दैन् ।

सहकारी ठगी प्रकरणमा लामिछाने अहिले रूपन्देही प्रहरीको हिरासतमा छन् । कास्की हुँदै अहिले सुप्रिम सहकारी ठगी प्रकरणमा बयानका लागि उनलाई कास्की प्रहरीको हिरासतबाट रूपन्देही ल्याइएको छ । विभिन्न सहकारीबाट बचतकर्ताको पैसा निकालेर गोर्खा मिडिया नेटवर्कमा  लगानी गरेर बचतकर्तालाई विचल्ली पार्न लामिछाने समेत संलग्न रहेको अभियोग छ । कानुनविपरित सहकारीको पैसा कम्पनीमा लैजान उनले अरुसँग मिलेर काम गरेकोले लामिछानेलाई ठगी, संगठित अपराध र सम्पत्ती शुद्धिकरणमा मुद्दा चलाइएको छ । यति गम्भीर मुद्दामा छानविन चलेको विषयमा लामिछाने त जवाफदेही हुन ठानेनन् । विधिको कुरा गर्ने सो पार्टीका अरु नेताहरु पनि मौन छन् । रास्वपाका एक नेता गणेश कार्कीले विधिलाई मान्ने कि मिच्ने भन्ने प्रश्न उठाए बाहेक अरु नेताले लामिछाने निर्दोष भएको बताइरहेका छन् । अब उनी निर्दोष हुन वा होइनन् भनेर फैसला गर्ने काम अदालतको हो । रास्वपाका नेता कार्यकर्ताले होइन् । उनको पक्षमा नारा जुलुस हुनु पनि विधिलाई स्थापित हुन नदिने प्रयत्न हो । उनीहरुले भनेको नयाँलाई छान्ने भनेको विधिलाई मिच्ने भनेको हो ?

रवि मात्रै होइन्, उप–सभामुख इन्दिरा रानाले पनि पदीय मर्यादा विपरित अमेरिकी दुतावासलाई भिसा मिलाई दिन भन्दै पत्राचार गरेको विषय गम्भीर  विषय हो । यो विषयलाई पनि राष्ट्रिय स्वतन्त्र पार्टीले पटक्कै गम्भीर रुपमा लिएन् । कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री लिलाबल्लभ अधिकारी विवादमा मुछिनेबित्तिकै पदमा राजीनामा दिए । एमालेले निलम्बन गऱ्यो । थप अनुसन्धानका लागि प्रहरीले पक्राउ गरेको छ । यसअघि एमालेले सचिव टोपबहादुर रायमाझीलाई पनि प्रहरीले पक्राउ गर्ने बित्तिकै निलम्बन गरेको थियो ।

राजनीतिलाई सुधार गर्ने हो भने अभियोग लाग्ने बित्तिकै पदबाट निलम्बन वा राजीनामा गर्नु राम्रो हो । दोषी प्रमाणित भए पार्टी कारबाही अघि बढाउने र निर्दोष भए निलम्बन फुकुवाको निर्णय गर्दा पार्टीको प्रतिष्ठा बढ्न । पार्टी र नेताप्रति नागरिकको भरोसा र विश्वास बढ्छ ।

# विकास आयोजना र सेवा प्रवाहमा सुशासन



सागर पण्डित

योग्यता भनेको दक्षतापूर्वक काम गर्न सक्ने क्षमता हो । कामका लागि उत्तम र सक्षम व्यक्ति छनोट गर्ने र काम गरेकै आधारमा राम्रो गर्नेलाई पुरस्कार र नरामो गर्नेलाई दण्ड गर्दै परिचालन गर्दा मात्र योग्यता प्रणाली कार्यान्वयन हुन्छ । योग्यताको सट्टा सम्बन्ध वा प्रभावलाई आधार बनाउँदा सार्वजनिक प्रशासन काम नलाग्ने हुन्छ । नीति कार्यान्वयन क्षमता ह्रास हुन्छ । अहिले यस्तै भइरहेको छ । यसको दोष जति नेतालाई जान्छ, त्यति नै प्रशासकलाई पनि जान्छ ।

मुलुकले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै वि.सं. २१०० सम्ममा समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच हासिल गर्न सुशासनयुक्त शासन व्यवस्थाबाट मात्रै सम्भव छ । यसका लागि शासक–प्रशासकहरुमा सदाचारी र पारदर्शी संस्कृति, इमानदार र नैतिक नेतृत्व तथा राज्यका सबै पक्षहरुमा जिम्मेवारीपन र जवाफदेहिता प्रवर्द्धन गर्नुपर्ने हुन्छ । तर विडम्बना ! हामीकहाँ वर्षौंदेखि सुशासनयुक्त शासन प्रणाली स्थापना नै हुन सकेको छैन ।

राज्यका सबै निकायले आ–आफ्ना जिम्मेवारीअनुसार काम गर्न सकेका छैनन् । विगतमा केन्द्रीकृत शासन प्रणाली हुँदा व्याप्त भ्रष्टाचार अहिलेसम्म पनि रोकिन सकेको छैन । सरकारले दिगो विकास लक्ष्य हासिल गर्ने भनिए पनि त्यसका लागि आवश्यक प्रमुख रणनीतिमध्येको एक सुशासनलाई आफ्नो मूल मन्त्र बनाउन सकेको देखिँदैन ।

भ्रष्टाचार आफैँमा जटिल शासकीय समस्या भएकाले यसलाई प्रभावकारीरुपमा नियन्त्रण गर्नका लागि सबै तह र क्षेत्रका जिम्मेवार पदाधिकारीहरुको सहयोग, दृढ संकल्प र प्रतिबद्धता आवश्यक हुन्छ । भ्रष्टाचारविरुद्ध लड्न र सदाचार संस्कृतिको विकास गर्न संघ, प्रदेश र स्थानीय तहका राजनीतिक तथा प्रशासनिक नेतृत्वले पारदर्शिता, जवाफदेहिता र उच्च नैतिकता प्रदर्शन गर्न जरुरी हुन्छ ।

देशमा सुशासनयुक्त शासन प्रणाली हुन नसकेकाले नै विकास र समृद्धिले गति लिन नसकेको यथार्थ हामीसामु छ । हामीकहाँ विकास आयोजनाहरुमा चरम अनियमितता हुने गरेको छ भने सरकारी अधिकारीहरु त्यसलाई रोक्न असफल हुँदै आएका छन् । सरकारी अधिकारीहरुको गैरजिम्मेवारीपनका कारण विकास आयोजनाको नाममा अर्बौं रुपियाँ बालुवामा पानीसरह भइरहेको छ, जुन हाकाहाकी भ्रष्टाचार नै हो । त्यसै गरी सरकारी निकायबाट हुने सेवा प्रवाह पनि प्रभावकारी हुन सकेको छैन । सेवा प्रवाह गर्ने क्रममा कतिपय सरकारी कार्यालयहरु बिचौलिया र माफियाको घेराबन्दीमा देखिने गरेका छन् । ती कार्यालयहरुले पनि माफिया र बिचौलियाको घेरा तोड्नुभन्दा पनि उनीहरुसँग गोप्य साँठगाँठ गर्ने गरेका छन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रजस्तो विश्वमै निकै उन्नत मानिएको शासन प्रणालीले पनि जनताका आधारभूत आवश्यकता परिपूर्तिमा उल्लेख्य सुधार ल्याउन सकेको छैन । यो शासन व्यवस्थाको मर्मअनुसार राजनीतिक नेतृत्व हिँड्न नसकेर पनि त्यस्तो देखिएको हुन सक्छ । एकातिर अवस्था यस्तो छ भने अर्कोतर्फ हाम्रा राजनीतिक दल र तिनका कतिपय नेता कसरी हुन्छ आर्थिक उपार्जन गर्ने कार्यमा नै दत्तचित्त भएर लागिरहेका छन् । सुशासन, पारदर्शिता र जिम्मेवारीबोध उनीहरूमा देखिन सकेको छैन । नेपालको फट्याइँ राजनीतिबाट आम जनता वाक्कदिक्क भइसकेका छन् । अधिकांश नेतामा नैतिकता र इमानदारिता शतप्रतिशत स्खलित भइसकेको छ । यो विडम्बना हो ।

देश वर्षौंदेखि भ्रष्टाचारको दलदलमा फस्दै आइरहेको छ । शासन सञ्चालन गर्ने शासकमा सदाचार र नैतिकताको विकास हुन नसक्दा भ्रष्टाचारमा झन् पछि झन् रेकर्ड कायम हुँदै जान थालेको छ, नीतिगत भ्रष्टाचार मौलाउँदो छ । केन्द्रदेखि प्रदेश तथा स्थानीय सरकार आफैं भ्रष्टाचारको अखडा बनिरहेका छन् । राजनीतिक नेतृत्व आफ्नो हितका लागि जे गर्न पनि उद्यत छ भने प्रशासनिक संयन्त्रले गलत कामलाई गलत भन्न सक्ने हिम्मत राख्दैनन् ।

राजनीतिक नेतृत्व तथा शासक–प्रशासकहरूलाई प्रश्न गर्ने नागरिक समाज र विभिन्न दबाब समूह आफैं पनि प्रलोभनमा फस्न पुगेका छन् । नेताहरूको भागवण्डामा नागरिक समाज, मिडियासमेत पर्न थालेका छन् । अर्थात् राजस्व छली गर्नेदेखि तस्करी गर्ने काममा समेत विभिन्न पक्षको मिलिभगत हुने गरेको छ, जुन निकै दुःखदायी हो ।

सार्वजनिक पदमा कसरी नियुक्ति गर्ने ? नियुक्त अधिकारीबाट कसरी सार्वजनिक नीति कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने ? भन्ने कुराकै सेरोफेरोमा कुशल प्रशासनका केही पूर्वसर्त पहिचान भएका छन् । पहिलो पूर्वसर्त भनेको योग्यताको अधारमा मात्र भर्नादेखि परिचालनसम्मका सबै गतिविधि गर्ने हो । योग्यता भनेको दक्षतापूर्वक काम गर्न सक्ने क्षमता हो । कामका लागि उत्तम र सक्षम व्यक्ति छनोट गर्ने र काम गरेकै आधारमा राम्रो गर्नेलाई पुरस्कार र नरामो गर्नेलाई दण्ड गर्दै परिचालन गर्दा मात्र योग्यता प्रणाली कार्यान्वयन हुन्छ । योग्यताको सट्टा सम्बन्ध वा प्रभावलाई आधार बनाउँदा सार्वजनिक प्रशासन काम नलाग्ने हुन्छ । नीति कार्यान्वयन क्षमता ह्रास हुन्छ । अहिले यस्तै भइरहेको छ । यसको दोष जति नेतालाई जान्छ, त्यति नै प्रशासकलाई पनि जान्छ ।

सार्वजनिक अधिकारी सार्वजनिक हित प्रवर्द्धनका लागि मात्र नियुक्त भएका हुन्छन्, भष्टाचार गर्न होइन । यस अर्थमा भ्रष्टाचार सार्वजनिक अधिकारीको सामान्य होइन, विचलित व्यवहार हो । सदाचार प्रवर्द्धन गर्ने भनेको शक्तिको व्यापार गर्ने असंख्य अवसरबाट घेरिएको निर्वाचित वा नियुक्त सार्वजनिक अधिकारीलाई भ्रष्टाचार गर्नबाट रोक्ने हो ।

सरकारमा रहनेहरुले अब सुशासन र विकास निर्माण कार्यलाई द्रुत गतिमा अघि बढाउँदै सेवा प्रवाह प्रभावकारी बनाउन विशेष ध्यान दिनुपर्छ । तर नेपालमा विकास निर्माणको कार्यमा शुरुदेखि नै गम्भीर समस्या देखिँदै आएको छ । विकास कार्यक्रमको तर्जुमा गर्दा तथा योजना बनाउँदा प्लानिङको अवस्थामा नै गम्भीर खालका त्रुटिहरु देखिने गरेका छन् । ती त्रुटिहरु सजिलैसँग फिल्डमा पनि पुग्ने गरेका छन् । विकास तलबाट शुरु हुनुपर्ने मोडेल विपरीत हाम्रा विकास आयोजनाहरु केन्द्रमा नै बन्ने गरेका छन् ।

विकास आयोजनाहरु बनाउँदा तलदेखि माथिसम्म छलफल तथा राय–सल्लाह लिएर बनाउनुभन्दा माथि कुनै पाँचतारे होटेलमा बसेर योजना बुन्ने काम गरिँदै आएको छ । यस्तो प्रवृत्तिको तत्काल अन्त्य गर्नुपर्छ । अहिले मुलुक संघीयतामा गएको तथा प्रदेश र स्थानीय तहले पनि स्वतन्त्ररुपमा काम गरिरहेकाले ती निकायले तल्लो तहसम्म गएर छलफल गरी विकास आयोजना छनौट गर्न धेरै सहज पनि हुन सक्छ । त्यसैले विगतबाट पाठ सिक्दै ती निकायले वास्तविक रुपमा फिल्डमा नै गएर आवश्यकताका आधारमा योजना छनौट गर्न सक्नुपर्छ । विगतमा प्रभाव, पहुँच र भनसुनको भरमा विकासका ठूला–ठूला आयोजानाहरु बनाउने प्रवृत्ति हाबी भएकाले पनि समस्यामाथि समस्या थपिँदै आएको हो । विकासका लागि सुशासन अनिवार्य सर्त हो । विकास आयोजना सञ्चालन भएपछि त्यसको नियमित अनुगमन हुन नसक्नु र भइहालेमा पनि अनुगमनकर्ताहरुले नै विकास आयोजना सञ्चालन गर्नेहरुसँग गलत नेक्सस राख्नुले पनि आयोजनाहरु गम्भीर संकटमा पर्दै आएका हुन् ।

अनुगमनमा जाने सरकारी अधिकारीहरुले परियोजनाहरुमा जस्तासुकै बदमासी भए पनि कारबाही गर्नुको साटो उल्टै ठेकेदारबाट नजराना लिएर त्रुटिपूर्ण कामलाई पनि राम्रो काम भएको भनेर प्रतिवेदन दिने घातक प्रवृत्तिका कारण विकास आयोजनाहरुले प्रभावकारीरुपमा गति लिन नसकेका हुन् । अब साँच्चै नै वर्तमान सरकारले मुलुकमा सुशासन र आर्थिक समृद्धि चाहन्छ भने विकास आयोजनाहरु सञ्चालन गर्ने र ठेक्का लिनेहरुमाथि कठोर कदम चाल्नै पर्छ । समयमा काम सम्पन्न नगर्नेहरुलाई ठाउँका ठाउँ कारबाही गर्न सक्ने गरी सोही अनुसारको संरचनाको तत्काल व्यवस्था गर्न सक्नुपर्छ । नत्र जनताको करबाट उठेको अर्बौं रुपियाँको दुरुपयोग भइरहन्छ र जनतामाथि ठूलो धोका भइरहने निश्चित छ ।

यस्तो प्रवृत्तिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विकासमा नै गम्भीर धक्का लाग्न सक्छ । जनतामा पुनः निराशा छाउन सक्छ र शासकीय व्यवस्थामाथि नै गम्भीर खालका वितृष्णाहरु जागृत हुन सक्छन् । त्यस्तो दुःखदायी अवस्था आउन नदिन राजनीतिक र प्रशासनिक नेतृत्वले ठूलो जिम्मेवारीबोधका साथ काम गर्न जरुरी छ । अबका दिनमा विकास आयोजनामा अर्बौं दुरुपयोग हुने अवस्था आउन नदिन सचेत भएर लाग्नुको विकल्प छैन । यसअघि वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली दोस्रोपटक प्रधानमन्त्री हुँदा उहाँको पालामा विकास निर्माणका धेरै कार्यहरुको थालनी भएका थिए । तर त्यसपछिका सरकारले ती विकास निर्माण कार्यलाई गति दिन सकेनन् । अब प्रधानमन्त्री ओली आफैँले थालेका विकास निर्माणका कार्यलाई गति दिन सक्नुपर्छ र गति दिँदै गर्दा ती आयोजनाहरुलाई सुशासनयुक्त बनाउन पनि सक्नुपर्छ ।

सरकारीस्तरबाट सशक्त र प्रभावकारी अनुगमन हुन नसक्दा ठेकेदारले बीचमा नै काम छोडेर हिँडिदिने गरेका छन् । त्यसरी काम छोडेर हिँड्नेलाई कडा कारबाही हुनुपर्नेमा त्यस्तो हुदैन । प्रशासनिकरुपमा विकास निर्माण र सेवा प्रवाहलाई राम्ररी अघि बढाउन सकिएको छैन भने राजनीतिक नेतृत्व पनि यो कार्यमा संवेदनशील भएर अघि बढ्न सकेको छैन । विगतमा राजनीतिक नेतृत्व देश बनाउनभन्दा पनि कसरी हुन्छ । आफ्नै स्वार्थसिद्ध गर्न र कमाउ धन्दामा नै लिप्त भएकाले पनि यस प्रकारका समस्या आएका हुन् भन्दा अत्युक्ति हुँदैन । मुख्य जिम्मेवार पक्ष भनेकै राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व हुन् । उनीहरु इमानदार र विकासप्रति कटिबद्ध हुन सके भने मातहत रहेका अधिकांश निकाय उनीहरुको स्प्रीटअनुसार सञ्चालन नभई धरै पाउँदैनन् । त्यसैले नेतृत्वदायी भूमिकामा रहेकाहरुबाटै सुधारको थालनी गरेर विकास निर्माण कार्यलाई समयमा नै सम्पन्न हुन सक्ने बनाउनुपर्छ ।

देश कुशासनको दलदलमा फस्दा विकास निर्माण कार्यहरु अलपत्र छन् भने सार्वजनिक सेवा प्रवाह प्रभावहीन अवस्थामा छन् । अहिले पनि मालपोत, नापी, यातायात, प्रशासन, खानेपानी, स्थानीय तहलगायतका निकायमा सर्वसाधारणले सहज सेवा पाउन सकिरहेका छैनन् । ती निकायमा सेवा लिनुपर्दा घूस खुवाउनुपर्ने बाध्यता छ । त्यसैले अब सेवाग्राहीले पाउने सास्ती रोक्न सेवा प्रवाह गर्ने निकायमा बिचौलियाहरुलाई निषेध गर्दै सेवालाई सरल, चुस्त, पहुँचयोग्य, पारदर्शी र दुरुस्त बनाउनुका साथै सेवा प्रवाहमा सूचना प्रविधिको उपयोगमार्फत कर्मचारी र सेवाग्राहीको प्रत्यक्ष सम्पर्क विन्दु घटाउनुपर्दछ ।

अर्कोतर्फ सरकारी निकायबाट साधन–स्रोतको कुशल प्रयोग हुन सकेको छैन । यसै गरी, सेवाग्राही मूल्यांकन व्यवस्थासमेत छैन । कर्मचारीमा सेवकभन्दा पनि शासक मानसिकता हाबी छ । यसै गरी निर्णय प्रक्रियामा निकै ढिलाइ गर्ने गरिन्छ भने कार्यान्वयन प्रक्रियासमेत अत्यधिक फितलो छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि यस प्रकारका चुनौतीलाई समाधान गर्न सक्नुपर्छ । यसका लागि सरकारी संयन्त्रलाई चुस्त, दुरुस्त बनाउन जरुरी छ ।

जनतालाई दिने सेवाको कार्यविधिलाई सहज बनाउन सक्नुपर्छ । यस्तै, फ्रन्टलाइन कार्यालयलाई स्रोत र अधिकार सम्पन्न बनाउनुपर्छ । अहिले स्थानीय तहबाटै धेरै काम हुने भएकाले स्थानीय सरकारले सुशासनलाई ध्यानमा राखी सोहीअनुसारका सेवा प्रवाह प्रदान गर्न सक्नुपर्छ। यसै गरी, केन्द्रीय र स्थानीय सरकारले आवश्यकताअनुसार इगभर्नेन्स, वेब सर्भिस, स्ट्रिट सर्भिसको व्यवस्थासमेत गर्नुपर्छ । विकास निर्माण कार्यलाई कुशासनको दलदलबाट मुक्त गर्न सक्नुपर्छ । यस्तो गर्न सकिएमा सेवा प्रवाह प्रभावकारी हुन्छ भने सुशासन कायम गर्न पनि विशेष मद्दत पुग्छ ।

समाचारपत्रबाट

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला जुभुङ गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ०२, बस्ने श्री नाम थाहानभएकोको नातिनी श्री मनीराम राकशको छोरी श्री डील बहादुर रानाको श्रीमती बर्ष ७४ की श्रीमती मनि कर्ण राना भन्ने मनिकला राना (नागरिकता नं. ६४६५ जि.प्र.का गुल्मी मिति २०४४/१२/१२ मा जारी) को मिति २०७५/१२/१६ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२६९१ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री प्रेम बहादुर राना ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती मनि कर्ण राना भन्ने मनिकला राना (नागरिकता नं. ६४६५ जि.प्र.का गुल्मी मिति २०४४/१२/१२ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

नेपालएसबिआई बैंक लि.
गुल्मीशाखा, गुल्मी
फोन ०७९–५२१०२९,
फ्याक्स ०७९–५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला पराल्मी गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. १४, बस्ने श्री धन बहादुरको नाती श्री भिमसेन क्षेत्रीको छोरा श्रीमती लाल कुमारी क्षेत्री र मान कुमारी क्षेत्रीको पती बर्ष ८६ को श्री ईन्द्र बहादुर क्षेत्री (नागरिकता नं. ४३२९ जि.प्र.का गुल्मी मिति २०४४/११/२५ मा जारी) को मिति २०८०/१२/२५ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०१८५६ मा भएको रकम भुक्तानी पाउँभनि निजको पत्नी श्रीमती मान कुमारी क्षेत्री ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री ईन्द्र बहादुर क्षेत्री (नागरिकता नं. ४३२९ जि.प्र.का गुल्मी मिति २०४४/११/२५ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

नेपालएसबिआई बैंक लि.
गुल्मीशाखा, गुल्मी
फोन ०७९–५२१०२९,
फ्याक्स ०७९–५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला हर्दिनेटा गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, छत्रकोट गा.पा. वडा नं. ०३, बस्ने श्री नाम थाहानभएकोको नातिनी बुहारी श्री छविलाल सार्कीको छोरी श्री हर्क बहादुर सार्कीको श्रीमती बर्ष ७७ की श्रीमती सुमीत्रा देवी भन्ने सुमीत्रा सार्की (नागरिकता नं. ५६७८ जि.प्र.का गुल्मी मिति २०४४/११/२२ मा जारी) को मिति २०८०/०५/०८ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४२३४ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा बुहारी श्रीमती सुन्तली सार्की ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती सुमीत्रा देवी भन्ने सुमीत्रा सार्की ( नागरिकता नं. ५६७८ जि.प्र.का गुल्मी मिति २०४४/११/२२ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

नेपालएसबिआई बैंक लि.
गुल्मीशाखा, गुल्मी
फोन ०७९–५२१०२९,
फ्याक्स ०७९–५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला लिम्घा गा.वि.स. वडा नं. ०२ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, सत्यवती गा.पा. वडा नं. ०४, लिम्घा बस्ने श्री नाम थाहानभएकोको नाति श्री पुर्ण भद्र लामीछानेको छोरा श्रीमती जुन कुमारी लामीछानेको पती बर्ष ७९ को श्री हेमलाल क्षेत्री भन्ने हिमलाल लामीछाने (नागरिकता नं. २८५४ जि.प्र.का गुल्मी मिति २०४५/०१/१३ मा जारी) को मिति २०८१/०४/२५ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४५०४ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री शुक्ल लामीछाने ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री हेमलाल क्षेत्री भन्ने हिमलाल लामीछाने (नागरिकता नं. २८५४ जि.प्र.का गुल्मी मिति २०४५/०१/१३ मा जारी ) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

नेपालएसबिआई बैंक लि.
गुल्मीशाखा, गुल्मी
फोन ०७९–५२१०२९,
फ्याक्स ०७९–५२११९४

# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.

## Unnati Sanakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

दर्ता नं. : ११८१५९/२०७०/०७१

Central Office : Si.Na.Pa. –12, Rupandehi, Nepal Phone No. 071-571126, 571127

### Unaudited Condensed Statement of Financial Position (As per NFRS)

As on Quarter Ended 30 Ashwin 2081

Nrs.

| Particulars | The Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Assets | | |
| Cash & cash equivalents | 129,993,774.20 | 162,459,615.10 |
| Statutory balances and due from Nepal Rastra Bank | 61,090,000.00 | 81,090,000.00 |
| Placement with Bank & Financial Institutions | - | - |
| Derivative Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loan & Advances to Customers | 3,617,229,627.05 | 3,583,561,506.69 |
| Investment Securities | 1,000,000.00 | 1,000,000.00 |
| Current Tax Assets | 9,797,206.68 | 11,076,912.94 |
| Investment Property | - | - |
| Property and Equipment | 35,115,817.65 | 52,397,197.90 |
| Goodwill and Intangible Assets | - | - |
| Deferred Tax Assets | 11,592,826.49 | - |
| Other Assets | 101,652,827.77 | 120,216,695.99 |
| Total Assets | 3,967,472,079.84 | 4,011,801,928.62 |
| Liabilities | - | - |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 1,101,076,250.69 | 1,096,507,958.69 |
| Borrowings | 2,356,898,608.86 | 2,387,332,130.01 |
| Current Tax Liabilities | 985,258.65 | 6,229,657.66 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 170,001,012.01 | 185,520,169.49 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| Total Liabilities | 3,628,961,130.21 | 3,675,589,915.85 |
| Equity | - | - |
| Share Capital | 246,865,736.29 | 246,865,736.29 |
| Share Premium | - | - |
| Retained Earnings | 1,151,540.29 | (641,630.45) |
| Reserves | 90,493,673.04 | 89,987,906.93 |
| Total Equity | 338,510,949.63 | 336,212,012.77 |
| Total Liabilities and Equity | 3,967,472,079.84 | 4,011,801,928.62 |

### Condensed Statement of Profit and Loss

For the Quarter Ended of 30 Aswin 2081

Nrs.

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 29,227,022.87 | 129,227,022.87 | 125,399,399.76 | 125,399,399.76 |
| Interest Expense | 75,781,658.57 | 75,781,658.57 | 87,538,146.88 | 87,538,146.88 |
| Net Interest Income | 53,445,364.30 | 53,445,364.30 | 37,861,252.88 | 37,861,252.88 |
| Fee and Commission Income | 7,561,766.41 | 7,561,766.41 | 11,720,484.58 | 11,720,484.58 |
| Fee and Commission Expense | - | - | - | - |
| Net Fee and Commission Income | 7,561,766.41 | 7,561,766.41 | 11,720,484.58 | 11,720,484.58 |
| Net Interest, Fee and Commisson Income | 61,007,130.71 | 61,007,130.71 | 49,581,737.46 | 49,581,737.46 |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | - | - |
| Total Operating Income | 61,007,130.71 | 61,007,130.71 | 49,581,737.46 | 49,581,737.46 |
| Impairment Charge/(Reversal) for Loans and Other Losses | 8,304,862.69 | 8,304,862.69 | 2,067,182.39 | 2,067,182.39 |
| Net Operating Income | 52,702,268.02 | 52,702,268.02 | 47,514,555.07 | 47,514,555.07 |
| Operating Expenses | 49,418,072.51 | 49,418,072.51 | 44,293,645.03 | 44,293,645.03 |
| Personnel Expenses | 38,642,697.19 | 38,642,697.19 | 31,172,080.89 | 31,172,080.89 |
| Other Operating Expenses | 10,775,375.32 | 10,775,375.32 | 13,121,564.14 | 13,121,564.14 |
| Depreciation & Amortisation | - | - | - | - |
| Operating Profit | 3,284,195.51 | 3,284,195.51 | 3,220,910.04 | 3,220,910.04 |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expenses | - | - | - | - |
| Profit before Income Tax | 3,284,195.51 | 3,284,195.51 | 3,220,910.04 | 3,220,910.04 |
| Income Tax Expenses | - | - | - | - |
| Current Tax | 985,258.65 | 985,258.65 | 966,273.01 | 966,273.01 |
| Deferred Tax | - | - | - | - |
| Profit for the Period | 2,298,936.86 | 2,298,936.86 | 2,254,637.03 | 2,254,637.03 |
| Condensed Statement of Comprehensive Income | - | - | - | - |
| Profit for the Period | 2,298,936.86 | 2,298,936.86 | 2,254,637.03 | 2,254,637.03 |
| Other Comprehensive Income | - | - | - | - |
| Total Comprehensive Income | 2,298,936.86 | 2,298,936.86 | 2,254,637.03 | 2,254,637.03 |
| Basic Earning per share (Annualized) | 3.72 | 3.72 | 3.94 | 3.94 |
| Diluted Earning per share (Annualized) | 3.72 | 3.72 | 3.94 | 3.94 |
| Profit for the Period | 2,298,936.86 | 2,298,936.86 | 2,254,637.03 | 2,254,637.03 |
| Total | 2,298,936.86 | 2,298,936.86 | 2,254,637.03 | 2,254,637.03 |

### Ratios as Per NRB Directives

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | 8.27% | 8.27% | 8.76% | 8.76% |
| Non-Performing Loan (NPL) to Total Loan | 7.03% | 7.03% | 4.56% | 4.56% |
| Total Loan Loss Provision to Total NPL | 24.47% | 24.47% | 43.28% | 43.28% |
| Cost of Funds | 8.50% | 8.50% | 10.60% | 10.60% |
| Credit to Deposit and Borrowing Ratio | 104.61% | 104.61% | 102% | 102% |
| Base Rate | 14.20% | 14.20% | 17.89% | 17.89% |
| Interest Rate Spread | 6.50% | 6.50% | 4.40% | 4.40% |

**Interest rate**

| | |
|---|---|
| Deposit | 7.5%-8.5% |
| Loan & Advance | 8%-15% |

### Details about the Distributable Profit for the Quarter

| Particulars | NRS. |
|---|---|
| Net Profit for the period end 4th Quarter | 2,298,936.86 |
| 1. Appropriations | - |
| 1.1 Profit required to be appropriated to: | 505,766.11 |
| a. General Reserve | 459,787.37 |
| b. Capital Redemption Reserve | - |
| c. Foreign Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility | 22,989.37 |
| e. Employee Training Fund | - |
| f. Client Protection Fund | 22,989.37 |
| g. Staff Welfare Fund | - |
| h. Other | - |
| 1.2 Profit required to be transferred to Regulatory Reserve: | - |
| a. Transfer to Regulatory Reserve | - |
| b. Transfer from Regulatory Reserve | - |
| 2. Profit not eligible for distribution | - |
| Net Profit for the period end available for distribution | 1,793,170.75 |

**Notes**

1 The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2 The Loans and Advance includes interest receivable & Staff Loans and are presented net of impairment loss.
3 Adjustment of Employee Benefits shall be done after receiving Actuarial Valuation report.
4 Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison
5 The above figures are subject to change as per the direction of Regulators and/or External Auditors.
6 Adjustment related to NFRS has been transferred to the Regulatory Reserve.

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४

## ( नियम २६ को उपनियम (१) संग सम्बन्धित )

# आ.व. २०८१/८२ को प्रथम त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विवरण :**

(क) वित्तीय संस्थाको आ.व.२०८१/८२ को प्रथम त्रैमासिक अबधिको वासलात र नाफा-नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ र यस वित्तीय संस्थाको वेभसाइट : www.unnatislbs.com.np मा पनि राखिएको छ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ३।७२ | ४०२।४२ | १३८।६७ | १६०८।९२ | ५।५३ |

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : समीक्षा अवधिमा वित्तीय संस्थाको कारोवारको बृद्धिसंगै सदस्य सँख्या, लगानीमा रहिरहेको कर्जा बचत कारोबार, आम्दानी र तरलतामा परिवर्तन भएको छ। गत आ.व. को सोही अवधिको तुलनामा समीक्षा अवधिमा ब्याज आम्दानीमा वृद्धि र व्याज खर्चमा कम हुन गई सञ्चालन मुनाफामा सामान्य वृद्धि भएको छ। समीक्षा अवधिको कर्जा बचत तथा मुनाफाको स्थिति सम्बन्धमा वित्तीय विवरणले प्रष्ट पारेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण** : राष्ट्रियस्तर कार्य क्षेत्र भएको यस वित्तीय संस्थाले हालसम्म २८ जिल्लामा ८२ वटा शाखाहरु मार्फत आफ्नो कारोबार संचालन गरिरहेको छ। संस्थाले कृषि, पशुपालन तथा लघु उद्यम, साना व्यवसाय संचालनका लागि विशेष गरी महिलालाई केन्द्रीत गरेर लघुवित्त सेवाउपलब्ध गराउँदै आएको छ। समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवातथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान ब्यवस्थापन प्रतिवद्ध रहेको छ। लघुवित्तको पहुँच नपुगेको जिल्ला तथा ग्रामीण क्षेत्रमा कार्यक्रम विस्तार गर्न प्राथमिकता दिइनेछ। अगामी अवधिको व्यवसायिक योजनामा व्यवसाय विस्तारको लागि बचत संकलनलाई विशेष प्राथमिकतामा राखिनुको साथै कर्मचारीको उत्पादकत्व बृद्धि गर्न र ग्राहक मैत्री कार्यक्रम संचालनका लागि तालिम कार्यक्रलाई जोड दिईनेछ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** :बर्तमान परिस्थितिमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने थोक कर्जा सापट रकमको ब्याजदरमा केही स्थिरता आएको भएतापनि लघुवित्त वित्तीय बजारमा श्रोतको परनिर्भरता,लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, बहु-बैंकिङ्ग आदिले जोखिम बढ्न गई कर्जाको गुणस्तरमा बृद्धि गर्न कठिनाई परेको छ। मुलुकमा श्रृजना हुने विभिन्न किसिमका राजनैतिक, आर्थिक, प्राकृतिक घटना परिघटनाले यस संस्थामा केही असर परेको छ। आर्थिक गतिविधिमा आएको कमीले ग्राहक सदस्यहरु कर्जाको किस्ता र व्याज नियमित भुक्तानी गर्न आलटाल गरिरहेको अवस्था रहेकोले नियमित कर्जा असुलीमा समस्या भएको छ। विगत दुई वर्ष देखी लघुवित्त विरोधी गतिविधिका कारण असुलीमा समस्या उत्पन्न भई निश्क्रिय कर्जा तथा भाखा नाघेको कर्जा असुली लक्ष्य अनुसारको प्रगति हुन सकेन,जसले गर्दा आम्दानी तथा नाफामा प्रतिकुल प्रभाव परेको छ। तथापि संस्थाले तय गरेको नीतिबाट हाल देखिएका समस्याहरु समयमै समाधान गर्दै लैजाने योजना रहेको छ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको कुनै सूचना प्राप्त भएको छैन।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमाकुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) दोस्रो बजारमाहुने शेयर सम्बन्धी कारोबारका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत गराएको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाईट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण निम्नअनुसार भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| १९९३ | १३२० | १४९९ | ५५ | ३९०९४६ |

**५. समस्या तथा चुनौती :**

बैंक तथा वित्तीय संस्थाहरुबाट लिइएको कर्जामा स्थिर ब्याजदरको अभाव, प्राकृतिक प्रकोप एवं महामारीको कारण सृजित समस्याले ऋणीहरुको व्यवसाय तथा आयआर्जन खुम्चिएकोले लघुवित्त क्षेत्रको असुली तथा मुनाफा आगामी दिनमा अझ बढी प्रभावित हुन सक्ने अनुमान गर्न सकिन्छ। ऋणीहरुको कर्जामा दोहोरोपना/बहुपना, ग्राहक सदस्यहरुले संस्था त्याग गर्ने प्रवृतिमा बृद्धि, दक्ष कर्मचारी वित्तीय बजारबाट पलायनमा बृद्धि, लघुवित्त विरुद्ध संघर्ष समितिको नामबाट भएकाविभिन्न अवान्छित कृयाकलापहरुले गर्दा कर्जा असुलीमा समस्या, त्यस्तै लघुवित्त संस्थाहरु विचमा अस्वस्थ प्रतिस्पर्धा,दक्षख जनशक्तिको अभाव, तरलता अभाव, नियमक निकायबाट नीति नियमहरुमा हुने परिवर्तन र उत्पादित वस्तुको बजारको अभाव जस्ता चुनौतिहरु समाना गर्नु परेको छ।

**६ संस्थागत सुशासन :**

(क) नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरुको पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०७३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ।

(ख) संस्थागत सुशासन परिपालनाको लागि वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा सुविधा विनियमावली, आर्थिक प्रशासन विनियमावली, सूचना तथा प्रविधि प्रणाली निर्देशिका, जोखिम व्यवस्थापन नीति, कर्जा नीति, आन्तरिक लेखापरीक्षण नीति, ग्राहक पहिचान कार्यविधि,लगानी नीति नगद कारोवार व्यवस्थापन निर्देशिका सम्पति दायित्व व्यवस्थापन निर्देशिका, कर्मचारी पारिश्रमिक निर्धारण नीति, कर्मचारी दक्षता अभिवृद्धि सम्वन्धी कार्यविधि, सञ्चालक निर्वाचन निर्देशिका, सञ्चालक शिक्षा कार्यक्रम कार्यविधि, समूह सञ्चालन निर्देशिका, ग्राहक संरक्षणकोष सञ्चालन कार्यविधि,कर्मचारी मोटरसाइकल कर्जा निर्देशिका, कर्मचारी सामाजिक कर्जा कार्यविधि, संस्थागत समाजिक उत्तरदायित्व कोष सञ्चालन कार्यविधि आदि नीति नियम तथा निर्देशिका बनाई पालना गरिएको छ।

(ग) वित्तीय संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति तहमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति , कर्मचारी सेवा सुविधा र सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरेको छ।

**७. सत्य, तथ्यता सम्बन्धमाअध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना र जानकारीहरु लुकाइएको छैन।

# व्यापार संघको रजत महोत्सव मूल समारोह आज




बुटवल । रुपन्देही व्यापार संघ आज बुधबारबाट २५औं वर्षमा प्रवेश गरेको छ। संघले २५ वर्ष प्रवेशका अवसरमा साता व्यापी रुपमा रजत महोत्सव आयोजना गरेको थियो । रजत महोत्सवको समापन बुधबार विशेष कार्यक्रमको आयोजना गरी गरिने संघले जनाएकोछ ।

बुटवल रामनगरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजित कार्यक्रममा संघले साता व्यापी रुपमा गरिएका प्रतियोगिताका विजयीहरुलाई पुरस्कार वितरण, अग्रजहरुको सम्मान तथा स्मारिका विमोचन गरिने जनाइएको छ।

रुपन्देही व्यापार संघ 'स्वरोजगार, आत्मनिर्भरता हाम्रो आधार, शहरदेखि गाउँसम्म व्यापार विस्तार' भन्ने मूल नाराका साथ व्यवसायीहरुको मात्र प्रतिनिधित्व गर्ने उद्देश्यले २०५७ साल कार्तिक २८ गते स्थापना भएको हो। २९ अगुवा व्यवसायीहरु भेला भई व्यापार संघको विजारोपण गरेका थिए । सो भेलाले मोतीराज ज्ञवालीको अध्यक्षतामा रूपन्देही व्यापार संघ स्थापना गर्दै कार्तिक २८ गते रूपन्देही जिल्ला प्रशासन कार्यालयमा विधिवत दर्ता गरिएको हो।

संघले २५ वर्षको यात्रामा ८ जना अगुवा व्यवसायीले संघको नेतृत्व गरेका छन्। संस्थापक अध्यक्ष मोतीराज ज्ञवाली २०५७ देखि २०६२ सालसम्म तिन कार्यकाल अध्यक्ष भई नेतृत्व गरेका थिए। २०६२ सालमा भएको संघको तेस्रो अधिवेशनमा संस्थापक शंकर भट्टराई अध्यक्ष निर्वाचित भएका थिए। संघको चौथो, पाँचौ र छैठौं अधिवेशनबाट(२०६४ देखि ०७० सम्म) संस्थापक मध्येकै टंकप्रसाद पोखरेल अध्यक्ष बनेका थिए।

संघको २०७० मा भएको सातौं अधिवेशनबाट श्रीकृष्ण पोखरेल र आठौं अधिवेशनबाट मोतीलाल पाण्डे अध्यक्षता निर्वाचित भएका थिए। संघको नवौं अधिवेशनले पदमप्रसाद श्रेष्ठको अध्यक्षतामा चयन गर्‍यो। उनले २०७४ देखि २०७६ सालसम्म रूपन्देही व्यापार संघको नेतृत्व गरेका थिए। संघको २०७६ सालमा भएको दसौं अधिवेशनले यमलाल लोहनीलाई चयन गर्‍यो भने २०७८ सालमा भएको एघारौं अधिवेशनले कृष्णप्रसाद घिमिरेलाई अध्यक्ष चयन गरेको थियो।

संघको सातावयापी कार्यक्रमअन्तरगत मंगलबार ३ वटा कार्यक्रमहरु आयोजना भएका छन् । संघले बिहान प्रभात फेरी निकालेको थियो । संघको सचिवालयबाट पञ्चेबाजासहित निस्केको प्रभातफेरी हाटबजार लाइन, अमरपथ, अस्पताललाई, दुर्गामन्दीर, ट्राफिकचोक, संगमपथ, जेसीसचोक हुँदै पुनः संघको सचिवालयमा पुगेर समापन भएको थियो । प्रभात फेरीमा बस्तुगत समितिको व्यानरमा व्यवसायीहरु सहभागी भएका थिए।

संघले बिहान नै लुम्बिनी प्रादेशिक अस्पतालमा भर्ना भएका बिरामीहरुलाई फलफूल वितरण गरेको थियो। संघका अध्यक्ष दिपकप्रसाद अधिकारीले कार्यक्रमको सुभारम्भ गरेका थिए । कार्यक्रममा सचिव मनहरी बस्याल, कार्यक्रम संयोजक टेकराज पन्थीलगायत बोलेका थिए। त्यस अवसरमा २ सय ५० जना बिरामीलाई फलफूल वितरण गरिएको थियो।

# सिचुआन पुगेर मुख्यमन्त्रीको अपील : लुम्बिनीमा खुलेर लगानी गर्नुस्

## दुई प्रदेश सरकारबिचको भगिनी सम्बन्धलाई प्रगाढ बनाउन चीनको छेन्दु र भैरहवाबिच सिधा हवाइ सेवा सञ्चालन गर्न मुख्यमन्त्रीले सिचुआन सरकारसँग आग्रह गरेका छन्।

**लुम्बिनी संवाददाता**
*बुटवल*




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रदेशमा खुलेर लगानी गर्न अन्तर्राष्ट्रिय समुदाय समक्ष आह्वान गरेका छन् । चीनको सिचुआन प्रदेश सरकारले आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले लुम्बिनीमा उद्योग, पर्यटन, कृषि, फलफूल, जडीबुटी प्रशोधन र स्वास्थ्य क्षेत्रबाट लाभ लिन सकिने प्रचूर सम्भावना रहेकाले लगानी गर्न आह्वान गरेका हुन्।

लुम्बिनी प्रदेशभित्र कुनै पनि क्षेत्रमा सिचुआनलगायत जुनसुकै प्रान्तबाट इच्छुक लगानीकर्ताको लगानी भित्राउन र लगानी सुरक्षित गर्न आवश्यक नीतिगत सहयोग गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको समेत मुख्यमन्त्रीले प्रतिबद्धता जनाएका छन् । लुम्बिनी प्रदेशले छिटै लगानी सम्मेलनको आयोजना गर्ने जानकारी दिँदै मुख्यमन्त्री आचार्यले सम्मेलनमा सहभागी हुन कूटनैतिक नियोगमार्फत् पत्रचार हुने जानकारी गराए।

लुम्बिनीमा हुने लगानी सम्मेलनमा सिचुआन प्रदेश सरकार, निजी क्षेत्रका लगानीकर्ताहरु, कम्पनीहरु, संघसंस्थालाई सहभगी हुन मुख्यमन्त्रीले अनुरोध गर्दै मुख्यमन्त्री आचार्यले विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्वको एक महत्वपूर्ण र नमूना स्थल बनाउन लुम्बिनीमा लगानी भित्राउन आवश्यक रहेको बताए । 'गौतम बुद्धको जन्मस्थल लुम्बिनीसहित सिंगो प्रदेशलाई विकसित र समृद्ध बनाउने, विश्वको एक महत्वपूर्ण र नमूना स्थल बनाउने दायित्व हामी सबैको साझा हो, तसर्थ लुम्बिनीमा खुलेर लगानी गरौं, साझा लगानी गरौं, साझा प्रतिफल हासिल गरौं बिश्व शान्ति दिपलाई थप प्रज्वल्लित गरौं,' मुख्यमन्त्री आचार्यले सम्बोधनमा भने-'हामी अब छिटै लुम्बिनीमा लगानी सम्मेलन गर्दैछौं, त्यसमा सिचुआन प्रदेश सरकार, चिनिया लगानीकर्ताहरु, कम्पनीहरु, संघसंस्था सबैको उत्साहपूर्ण उपस्थिति हुनेछ भन्ने हाम्रो विश्वास छ।'

सम्मेलनमा मुख्यमन्त्री आचार्यले बौद्ध पर्यटनको विविधिकृत विकासका लागि घनिष्ट सहकार्य गर्न आग्रह गरे । 'स्थानीय जनता, पर्यटन व्यवसायी र पथप्रदर्शकहरु, बुद्ध सर्किटमा पर्ने नगरपालिकाहरु, लुम्बिनी बौद्ध विश्वविद्यालय, साँस्कृतिक सम्पदास्थलहरुसँग घनिष्ट सहकार्यका लागि समेत आह्वान गर्न चाहान्छु,' आचार्यले भने-'लुम्बिनी प्रदेशभित्रका उत्पादनहरुको ब्राण्डिङ गर्दै रोजगारी र जनताको जीवनस्तर उकास्न चिनियाँ अनुभव, प्रविधि, नियमित व्यापार मेला आयोजना गर्न वा लुम्बिनी प्रदर्शनी केन्द्र स्थापनाको पहल गर्न समेत अनुरोध गर्दछु ।' मुख्यमन्त्रीले सिचुआन सरकार, सिचुवानवासी समुदाय तथा आम चिनियाँ जनतालाई लुम्बिनी भ्रमण गर्न आमन्त्रण समेत गरेका छन्।

सिचुआन सरकारसँग भएको भगिनी सम्बन्धलाई प्रगाढ बनाउन छेन्दु र भैरहवा बिच सिधा हवाइ सेवा सञ्चालन गर्न मुख्यमन्त्रीले आग्रह गरे । सिधा हवाइ सेवा सुरु हुँदा लाखौं बौद्धमार्गी चिनियाँलाई लुम्बिनीमा ल्याउन सकिने मुख्यमन्त्रीले बताए।

सम्बोधनको क्रममा मुख्यमन्त्री आचार्यले चिनियाँ विकास मोडेल, प्रविधि तथा समृद्धिबाट नेपालले सिक्न चाहेको बताए।

सम्मेलनमा मुख्यमन्त्री आचार्यसहित आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, प्रमुख सचिव महादेव पन्थ, मुख्यमन्त्रीका जनसम्पर्क सल्लाहकार डा. रामबहादुर राउत, प्रमुख स्वकीय सचिव कुशल भुसाल, विज्ञ सल्लाहकार डा. सागर न्यौपाने र मुख्यमन्त्रीकी श्रीमती सहभागी छन्।

## रविको...

बुटवलस्थित सुप्रिम बचत तथा ऋण सहकारीबाट लामिछानेको नाममा बुटवल उपमहानगरपालिका-९ राजमार्ग चौराहा कार्यालय रहेको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाबाट २०७७ चैत १८ मा २ करोड ऋण लिएको अनुसन्धानबाट खुलेको छ। २ करोडमध्ये संस्थाले काट्ने सेवा शुल्क कटाएर लामिछानेले १ करोड ९६ लाख ऋण लगेका छन्। ऋण लैजाने क्रममा उनी गोर्खा मिडिया नेटवर्कमा कार्यकारी निर्देशकका रूपमा कार्यरत थिए।

त्यस्तै गोर्खा मिडियाकै उपाध्यक्ष बञ्जाडेको नाममा पनि २ करोड ५० लाख रुपैयाँ ऋण लिएको देखिएको छ। उनले २०७७ माघ २९ गते २ करोड ५० लाख मध्ये ५ लाख सेवा शुल्क कटाएर २ करोड ४५ लाख रुपैयाँ ऋण लिएको देखिएको छ। लामिछाने र बञ्जाडे दुवैको नाममा गोर्खा मिडिया नेटवर्कको ग्लोबल आईएमई बैंकको खातामा रकम जम्मा भएको अनुसन्धानले देखाएको छ।

संस्थाका पूर्व अध्यक्ष गीतेन्द्रबाबु (जीबी) राई र पूर्व उपराष्ट्रतिका छोरा एवं सुप्रिम सहकारीका पूर्वसचिव दीपेश पुनसहित २८ जनालाई प्रतिवादी बनाउँदा अनुसन्धानमै रकम लगेको देखिएपछि लामिछानेलाई प्रतिवादी नबनाएको भन्दै सहकारी पीडितले प्रश्न उठाउँदै आएका थिए।

प्रहरीले २८ जनालाई प्रतिवादी बनाएर रुपन्देही अदालतमा मुद्दा दर्ता गर्दा लामिछाने गृहमन्त्री थिए । तर, अहिले प्रहरीले लामिछानेविरुद्ध पूरक अनुसन्धान प्रतिवेदन लैजाने गरी इलाका प्रहरी कार्यालय बुटवलले अनुसन्धान गरिरहेको छ।

प्रहरीले अहिले तयार गरिरहेको अनुसन्धान प्रतिवेदनमा लामिछानेको नाममा प्रवाह गरिएको ऋणको भौचर सुप्रिम सहकारीका व्यवस्थापक सागर केसीले सदर गरेका छन् । गुल्मीको मालिका गाउँपालिका-८ घर भएका ३० वर्षीय सागर केसी अहिले फरार छन् । केसीले भौचर सदर गरेर रोशनी गुरुङले गोरखा मिडिया नेटवर्कको नाममा रहेको बैंक खातामा रकम जम्मा गरेको अभियोग पत्रमा उल्लेख छ । रोशनी यसअघि नै अदालतबाट धरौटीमा रिहा भएकी छन्।

सहकारी ऐन-२०७४ को दफा १२२ अनुसार 'झुट्टा वा गलत विवरण पेस गरी कर्जा लिएमा' र कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा' कानुनी कारबाही हुने व्यवस्था छ।

कात्तिक २ गतेदेखि कास्की प्रहरी हिरासतमा रहेका उनलाई चौथो पटक म्याद थप गरिसकेको छ । कात्तिक ४ गते जिल्ला अदालत कास्की पेस गरिएको उनलाई हिरासतमै राखी अनुसन्धान भइरहेको छ।

## रास्वपा...

प्रदर्शनपछि बर्मेलीटोलमा आयोजित कोणसभामा पार्टीका प्रदेश सभापति देवराज पाठक, महिला नेतृ गीता बराल, केन्द्रीय प्रतिनिधि प्रमोद न्यौपानेलगायतले बोल्दै पार्टी सभापति लामिछानेले कुनै पनि सहकारीमा ऋण माग गरेर फराम भरेर ऋण नलिएको संसदीय छानवीन समितिले नै भनेको अवस्थामा राजनीतिक प्रतिशोध साँध्न पक्राउ गरी थुनामा राखिएको आरोप लगाए। रास्वपा रुपन्देही जिल्ला सभापति डा. बुद्धि शर्माले पार्टीले आचार संहिता बनाएर पूर्व निर्धारित नारा मात्र लगाउने र सोही नाराका प्ले कार्ड प्रदर्शन गरेको बताए। उनले सहकारी पीडितको बचत फिर्तालाई प्राथमिकतामा राखेर पार्टीले आन्दोलन र प्रदर्शनलाई भोलि पनि निरन्तरता दिने जानकारी दिए।

लामिछानेको बयानमा भइरहँदा सुप्रीम सहकारी पीडितहरुले समेत जिल्ला सरकारी वकील कार्यालय नजिक प्रदर्शन गरेका छन्। उनीहरुले पनि आफ्नो बचत फिर्ता मुख्य माग रहेको पीडित चिना थापाले बताइन्।

सुप्रिम सहकारी पीडित समूहको नाममा भैरहवाको बर्मेली टोल नजिकै जिल्ला अदालत प्रवेशद्वारमा भेला भएका पीडितले 'सहकारीपीडितलाई न्याय दे', 'सहकारी ठग्न पाइँदैन', 'सहकारी ठगीको निष्पक्ष छानबीन गर' लगायत नारा लगाएका थिए सहकारीपीडित संघर्ष समितिका अध्यक्ष विजय नेपालले जिल्ला अदालत प्रवेश मार्गदेखि जिल्ला सरकारी वकिल कार्यालयसम्म प्रदर्शन गरिएको जनाए।

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**ट्वाइलेट सफा गराउनुहोस्**

**बुटवल सेनेटरी प्रा.लि.**
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

## रैनादेवी छहरा गाँउपालिका
### गाँउ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा।

## आशय पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१-०७-२८

मिति २०८१-०६-१० र २०८१-०६-११ गते दैनिक लुम्बिनी र प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा क्रमश प्रकाशित सूचना तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सूचना अनुसार रीतपुर्वक पेश भएका बोलपत्रहरुमध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः

| ठेक्का नं | आयोजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| RRM/PAL/G/ NCB-03/2081-82 | Purchase Supply and Delivery of Medical Items | समुद्र मेडिको फर्मा बुटवल रुपन्देही। | रु.१७,५५,६९०.८५ (मु.अ कर सहित) |
| RRM/PAL/W/ NCB-04/2081-82 | Construction of Meeting Hall at Rural Municipality Building | ए.एस.वेलवासे विल्डर्स प्रा.लि., भुमिकस्थान न.पा -०१, अर्घाखाँची | रु. २३,४०,८८१.०० (मु.अ कर बाहेक) |

प्रमुख प्रशासकीय अधिकृत

## शिवराज नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालयले निम्नानुसारको खरिद कार्यको लागि निर्धारित मिति भित्र विद्युतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रको मूल्यांकन पछि न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को १ बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीका लागि तथा सोहि ऐन को दफा २७ को २ र ३ को प्रयोजनको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | ठेक्का न. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | SM/MD/081/082-09 | Procurement of Medicines | M/s. Newton Medico Madhyapur Thimi 1 Bhaktapur | 1516965.11 |

**प्रमुख प्रशासकीय अधिकृत**

लुम्बिनी प्रदेश सरकार
## सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा कपिलवस्तु

## इलेक्ट्रोनिक बोलपत्रआव्हान गरिएको सूचना

प्रकाशित मितिः २०८१।०७।२८

यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका योजनाहरुको निर्माण कार्य खरीद गर्न इलेक्ट्रोनिक बोलपत्र आव्हान गरिएकोले आजको मितिले ३१ औ दिन भित्र दिउसो १२ वजे भित्र इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीले इलेक्ट्रोनिक बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना तथा जानकारीको लागि वेब साइट bolpatra.gov.np/egp र यस कार्यालय (मो.नं.९८५७०५००१३) मा सम्पर्क गर्नु हुन सुचित गरिन्छ।

| Procurement title | Contract ID | Cost estimate | Bid Fee | Bid Bond |
|---|---|---|---|---|
| Construction of school building of birendra ma.vi. Malarani 2, Arghakhanchi | sddo.argha.works.ncb. birendra-21/081.082 | 4355836.12 | 3000/- | 112500/- |
| Construction of school building of aadarsha MA.VI. Malarani 03, Arghakhanchi | SDDO.ARGHA.WORKS. NCB. AADARSHA-02/081.82 | 3499632.76 | 3000/- | 87,500/ |

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com